## नगर कार्यपालिका को मिति : २०७५।०३।२६ गते बैठकको प्रस्ताव र निर्णयहरु :-

१. **आर्थिक बर्ष २०७४।०७५ बार्षिक कार्यक्रम समिक्षा सम्बन्धमा।**

निर्णय:- यस बुद्धभूमी नगरपालिका अन्तर्गत प्रत्येक वडा अध्यक्षहरुबाट आ.व. २०७४/७५ को वार्षिक कार्यक्रम साथै योजनाहरुको समिक्षा हुँदा समग्रमा धैरे योजनाहरु सम्पन्न भई भुक्तानी समेत भई सकेको र केही वडाहरुको भुक्तानी प्रक्रियामा रहेको हुँदा विविध कारणले गर्दा केही अलमल र ढिलाई भएता पनि आगामी दिनको लागि सिकाईको रुपमा मार्ग दर्शन भएको आम बुझाईका साथ समिक्षा गरियो।

२. **विषयगत समितिहरुबाट प्राप्त राय सुझाव सम्बन्धमा।**

निर्णय:- यस बुद्धभूमी नगरपालिका विषयगत समितिहरुको नियमित बैठकहरु छलफल भई प्राप्त राय सुझावहरुलाई आ.व. २०७५/७६ को बजेट तथा कार्यक्रम तयार गर्दा प्राथमिकतामा राखी कार्यान्वयनमा जोड दिने निर्णय गरियो।

३. **आ.व. २०७५/०७६ को आर्थिक ऐन २०७५ सम्बन्धमा।**

निर्णय:- यस बुद्धभूमी नगरपालिका अन्तरगत विभिन्न स्थानीय कर, शुल्क, दस्तुर, जरिवाना संकलन गर्न साथै छुट दिन तथा अन्य आय संकलनको लागि प्रशासनिक व्यवस्थापन गर्न यस नगरपालिकाको आर्थिक ऐन २०७५ लाई राजस्व परामर्श समितिको राय सुझाव बमोजिम बैठकबाट पारित गरी नगरसभामा स्वीकृतको लागि प्रस्तुत गर्ने निर्णय गरियो।

४. **आ.व. २०७५/०७६ को आर्थिक विनियोजन ऐन २०७५ सम्बन्धमा।**

निर्णय:- यस नगरपालिकाको लागि आ.व. २०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यक्रमहरुको लागि विनियोजित रकम रू ७३,६३,७८,०००।– (अक्षेरपी त्रिहत्तर करोड त्रिसठ्ठी लाख अठहत्तर हजार ) मात्र निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्ने गरी आर्थिक विनियोजन ऐन २०७५ पारित गरियो र उक्त ऐन स्वीकृतिको लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो।

५. **एकीकृत सम्पत्ति कर (वडा नं. १–१०) को मुल्याकंन सम्बन्धमा।**

निर्णय:- यस बुद्धभूमी नगरपालिका अन्तर्गत मालपोत, घर कर बापत उठाउँदै आइरहेको कर प्रणालीलाई परिस्कृत गरी आ.व. २०७५/०७६ देखि बैज्ञानिक र प्रगतिशिल कर (एकीकृत सम्पत्ति कर) प्रणाली लागु गर्न वान्छनीय भएको हुँदा सम्पूर्ण वडाहरुको पहलमा आयोजना गरिएको कार्यक्रममा, समाजसेवी, बुद्धिजीवी, राजनीतिक दलहरुको प्रतिनिधि समेतको उपस्थितिमा अन्तरक्रिया र छलफलबाट आएको सुझाव सल्लाह बमोजिम प्रत्येक वडाहरुको मुल्याकंन सूची अनुसार करका दायराहरु र दरहरु आर्थिक ऐनं २०७५ को अनुसूची १ मा उल्लेख गरी सोही बमोजिम आगामी श्रावण १ गतेबाट एकीकृत सम्पत्ति कर लागु गर्ने निर्णय गरियो।

६. **आ.व. २०७५/७६ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्तुत योजना सम्बन्धमा।**

निर्णय: यस नगरपालिकाको आ.व. २०७५/७६ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट निर्णय भई प्रस्तुत गरिएका योजना तथा कार्यक्रमहरु साथै चालु प्रशासनिक खर्च/पूँजीगत लगायत सम्पूर्ण

कार्यक्रमहरुलाई स्वीकृत गरी अभिलेखीकरण समेत गरी आगामी नगर सभा बैठकमा पारितको लागि पेश गर्ने निर्णय गरियो।

७. **तेस्रो नगर सभाको दोस्रो बैठक बस्ने मिति सम्बन्धमा।**

निर्णयः यस बुद्धभूमी नगरपालिकाको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम गत २०७५ अषाढ १० गते बसेको नगर सभा बैठकबाट पारित भै बजेट तथा कार्यक्रम साथै विधेक समितिबाट टेबुल गरिएका ऐन, नियम, कार्यविधिहरु माथि छलफलका लागि उक्त बैठक केही दिनको लागि स्थगित गरिएको हुँदा उक्त सभाको दोस्रो बैठक यही मिति २०७५।०३।२८ गतेका दिनको १:०० बजे देखि सञ्चालन गर्ने गरी नगर सभा सदस्य ज्यूहरु लाई सूचना प्रवाह गर्ने निर्णय गरियो।

८. **आ.व. २०७५/७६ को बजेट तथा कार्यक्रम सार्वजनिक गर्ने सम्बन्धमा।**

निर्णयः यस नगरपालिकाको तेस्रो नगर सभाको दोस्रो बैठकबाट पारित आ.व. २०७५/०७६ को बजेट तथा कार्यक्रम मिति २०७५।३।२८ गते दिनको ३:३० बजे सार्वजनिक गरिने भएको हुँदा उक्त सार्वजनिक कार्यक्रममा सम्पूर्ण पत्रकार/रेडियो एफ.एम./बुद्धिजीवीहरुलाई सूचना प्रवाह गर्ने निर्णय गरियो।

९. **ग्रेडर खरिदको सम्झौता सम्बन्धमा ।**

निर्णयः यस नगरपालिकाको लागि यसै आ.व. २०७४/७५ को विनियोजित बजेटबाट एक थान ग्रेडर खरिद गर्ने भनी निर्णय भएकोले उक्त ग्रेडर खरिद प्रक्रिया प्राविधिक कारणले ढिलो हुन गएको हुँदा बोल कबोल फर्मले आउँदो २०७५ श्रावण १५ गते भित्र सम्म उपलब्ध गराउन सक्ने भनी सम्झौता गरेको हुँदा उक्त विनियोजित रकम यस आ.व. २०७४/०७५ मा भुक्तानी गर्न नसकिने भएकोले अगामी आ.व. २०७५/०७६ मा उक्त ग्रेडर खरिदको रकम रु. ९७,००,०००।– अक्षेरेपी सन्तानब्बे लाख मात्र भुक्तानी बाँकी शिर्षकमा राखी सोही अनुसार भुक्तानी दिने निर्णय गरियो।

१०. **उपचार खर्च सम्बन्धमा।**

निर्णयः यस नगरपालिका वडा नं. १० का वडा अध्यक्ष श्री त्रिलोकी खरविन्द मिति २०७५।०३।०३ गतेका दिन बडा मातहत कार्यक्रमको अनुगमनमा जाँदा अचानक लडी (दुर्घटना) खुट्टा भै उपचार गर्दा लागेको खर्च विल बमोजिमको रु. २५,०००।– (अक्षेरेपी पच्चीस हजार) मात्र जनप्रतिनिधी तर्फ पथ्यखर्च औषधी उपचार शिर्षकबाट उपलब्ध गराइ सकेको हुँदा सो को अनुमोदन गर्ने निर्णय गरियो।

११. **जनप्रतिनिधीहरुको सेवा सुविधा सम्बन्धमा।**

निर्णयः प्रदेश नं. ५ प्रदेश सभाबाट स्थानीय तहको जनप्रतिनिधिहरुको सेवा सुविधा पारिश्रमिकहरु २०७४ श्रावण महिना देखि लागू हुने गरी स्वीकृत भै राजपत्रमा समेत प्रकाशित भै सूचना जानकारी प्राप्त भएकोले सोही बमोजिमको सुविधाहरु उपलब्ध गराउने साथै अन्य सुविधा थप भै आएमा सोही अनुसार लागु हुने निर्णय गरियो।

१२. **पशु सेवा शाखाबाट प्रस्तुत क्षेती पूर्ति/राहत सहयोग सम्बन्धमा।**

निर्णय: यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा विभिन्न मितिमा हावाहुरीबाट गाईगोठ, कुखुरा फर्महरु क्षेती भै गाई, कुखुरा मरेकाले वडाको सिफारिस र सर्जमिन मुचुल्का साथै पशु सेवा प्राविधिकको राय बमोजिम प्राप्त सिफारिसको आधारमा उल्लेख भएका व्यक्तिहरुलाई क्षेतीपूर्ति राहत उपलब्ध गराउने निर्णय गरियो।

१३. **स्वास्थ्य संस्थाहरुमा ज्यालादारी कर्मचारी सम्बन्धमा।**

निर्णय: यस नगरपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमा बिगत केही महिनादेखि निरन्तर नियमित रुपमा स्वास्थ्य संस्थाहरुले अ.न.मी./का.स./सामुदायिक स्वा. प्रबन्धक जस्ता पदहरुमा ज्यालादारीमा राखी कामकाज गराउँदै आएको हुँदा तपसिलका व्यक्तिहरुलाई तपसिलको मिति देखि दैनिक ज्यालादारीमा राखी पारिश्रमिक दिने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | नाम | पद | कार्यरत स्वा.संस्था | कार्यरत मिति | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| १ | सत्रुघन यादव | कार्यालय सहयोगी | मानपुर स्वास्थ्य चौकी वडा नं. ७ | २०७४।०८०१ | २०७५ अषाढ मसान्त सम्म |
| २ | मन्जु थारु | कार्यालय सहयोगी | बुडढी स्वास्थ्य चौकी वडा नं. ४ | २०७४।०८०१ | २०७५ अषाढ मसान्त सम्म |
| ३ | प्रदेशनी थारु | सामुदायिक स्वास्थ्य प्रबन्धक | धनकौली स्वास्थ्य चौकी वडा नं. १० | २०७४।०८०१ | २०७४।११ मसान्त सम्म |
| ४ | अमृता मल्ल पोखरेल | अ.न.मी. | शहरी स्वा. क्लिनिक वडा नं. १ | २०७५।०१।०२ | २०७५ अषाढ मसान्त सम्म |

१४. **आर्थिक बर्ष २०७५/०७६ को नगर दररेट सम्बन्धमा।**

निर्णय: यस नगरपालिका अन्तर्गत विभिन्न योजना तथा कार्यक्रमहरुको लागि आवश्यक पर्ने दररेटहरु नगर दररेट समितिबाट कायम गरी प्रस्तुत गरेको स्थानीय दररेट स्वीकृत गरी नगरसभामा पारितको लागि पेश गर्ने निर्णय गरियो।

१५. **आ.व. २०७४/७५ को बजेट तथा कार्यक्रमको भुक्तानी सम्बन्धमा।**

निर्णय: यस नगरपालिकाको प्रथम नगरसभा/दोस्रो नगर सभा र कार्यपालिकाको विभिन्न बैठकहरुबाट स्वीकृत गरेका योजना तथा कार्यक्रमहरुको भुक्तानी यही २०७५।३।३१ गते सम्म सम्पन्न गरी फरफारक गर्ने गराउने निर्णय गरियो।

मेघनाथ पाध्या
प्रशासकीय अधिकृत
(सचिव)

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

१६. **नगरको गौरवको योजना छनौट सम्बन्धमा।**

निर्णयः यस बुद्धभूमी नगरपालिका अन्तर्गत गौरवको ठूला योजनाहरु छनौट गरी शहरी विकास तथा भवन निर्माण विभाग बाट खटिआएको राष्ट्रिय इन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई उपलब्ध गराइ सोको (DPR) विस्तृत अध्ययन प्रतिवेदन तयार गराउनु पर्ने भएकोले तपसिलका योजनाहरु छनौट गर्ने निर्णय गरियो।

१. बुद्धभूमी चक्रपथ (चेतरादेही – धनकौली – महुवा – दरखसवा – हरिहरपुर – बकुलीपुर –मैटहवा – धमौली – बोक्टापुर – टाँकु – विचालाडीह – चंघाट – विरपुर – भेलाई - गोरुसिङ्गे - बकडरिया - बैकुण्ठपुर - चेतरादेही सम्म)

नगर प्रमुख